# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ मङ्सिर २२ गते

## अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउन आयोगको आग्रह

राष्ट्रिय मानव अधिकार आयोगले ६६ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस 'सबैको लागि घर घरमा मानव अधिकार, शान्ति र विकासको आधार' भन्ने नाराका साथ विविध कार्यक्रम सहित मनाउने भएको छ । यसैगरी, आयोगसँगको समन्वय र सहकार्यमा मङ्सिर २३ देखि २५ गतेसम्म मानव अधिकार राष्ट्रिय महाभेला ( Human Rights National Magna Meet) आयोजना हुने भएको छ ।

आयोगले १० डिसेम्बर २०१४ तदनुरूप २०७१ साल मङ्सिर २४ गते सम्माननीय प्रधानमन्त्री सुशील कोइरालाको प्रमुख आतिथ्यमा आयोगको प्राङ्गणमा अन्तर्राष्ट्रिय मानव अधिकार दिवस आयोजना गर्नेछ ।

आयोगका क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूले आज (सोमबार) देखि मानव अधिकारसम्बन्धी र्‍याली, अन्तरक्रिया आदि कार्यक्रमका साथ सो दिवस मनाउँदैछन् ।

सबैले मानवोचित सम्मानित जीवनयापन गर्न पाउनुपर्छ भन्ने मानव अधिकारको मूलमन्त्रलाई आत्मसात गर्दै ६६ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउन आयोग सबै नागरिक तथा संघसंस्थाहरूसँग हार्दिक अनुरोध गर्दछ ।

मोहना अन्सारी
प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org